# छथर जोरपाटी गाउँपालिका

## जोरपाटी, धनकुटाको

## आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ता**
**छत्र बहादुर सुब्बा**
**अध्यक्ष**
**छथर जोरपाटी गाउँपालिका**
**जोरपाटी , धनकुटा**
कोशी प्रदेश, नेपाल

आदरणीय गाउँ सभा सदस्यज्यूहरु, आदरणीय छथर जोरपाटीबासी तथा देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बाबु, दाजु-भाई तथा दिदि बहिनीहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरु, शिक्षक, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक अभिवादन व्यक्त गर्न चाहान्छु।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

## क. विद्यमान परिवेश ( राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वव्यापीरुपमा फैलिएको कोभिड - १९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर तथा संकुचन हुन पुगेकोछ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएकोछ। आन्तरिक र बाहिर बसाई सराईका कारण नेपालका गाउँ घरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन्। उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन्। यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ।

यस विशिष्ट परिस्थितिमा नेपालको हाल सालै देखिएको विभिन्न किसिमको भ्रष्टचारले अर्थतन्त्रलाई गिराई रहेको अवस्थामा हामीले अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत

अगाडी बढाउँदै दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु पर्ने छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासको कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ। यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ।

**ख. विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

१. हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् :

२. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

३. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।

४. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

५. गाउँपालिकाका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।

६. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।

७. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु।

८. घरहरूको निर्माणमा भवन संहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।

२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।

३. गुणस्तरीय बीउविजन / मलखाद समयमा नै उपलब्ध गराउनु।

४. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु।

५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।

१०. व्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु ।

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, बालुवा र गिट्टी) को मापदण्ड अवलम्वन नगरि अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू ( संविधान, प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाई आदि)

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत **व्य**वस्था, स्थानीय सरकार गर्दै सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ।

## घ. चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धी

भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाई ) का क्षेत्रमा भएका उपलब्धी

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म २७५१ मि कालो पत्र सडक, ३१५०१ मि ग्राभेल सडक, १००११० मि धुले वा कच्ची सडक , पर्खाल निर्माण ३०७ मि र सडक सोलिङ कार्य २४९१९ मि रहेकोछ। हलहले पटेकको ४० प्रतिशत काम सम्पन्न भएकोछ साथै ध्वजेडाडा बहुसांस्कृति प्रतिक पार्क र मिनि छथर ग्रेटवाल निर्माणधिन अवस्थामा रहेकोछ। गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न बस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेकोछ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई सुदृढ बनाइएकोछ।

**सिंचाइः**

गाउँपालिका विभिन्न वडामा साना सिंचाइ कार्यक्रम मार्फत सिचाई सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ साथै आगामी वर्ष नयाँ ७ वटा साना सिचाई आयोजनाहरु सम्पन्न गरिनेछ। जलवायु परिवर्तनको कारण किसानहरुलाई सिचाईको लाभ प्राप्त गर्न कठिनाई हुन सक्ने परिस्थितीलाई मध्य नजर गरी आवश्यक पहल गरिनेछ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिका स्थीत निर्माणधिन ५ शैय्याको अस्पताल , सिंधुवा सामुदायिक पुस्ताकलय र १ नं वडा कार्यालय भवन आगामी वर्षामा सम्पन्न गरिनेछ साथै अन्य आवश्यक भवन निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ। विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण भएका छन्।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकाको गौरवको आयोजना अन्तर्गत **जोरपाटी-चुलाचुली-काजिमान-त्रिवेणी** सडक आगामी ३ वर्ष भित्र कालो पत्र गरी सकिनेछ साथै **त्रिशुले-हात्तीखर्क-जितपुर** सडक खण्ड कालो पत्र गर्न आवश्य पहल गरिनेछ। तरकारी संकलन केन्द्र, कृषि हाटबजार र शीतगृहको निर्माण सञ्चालनको लागि आवश्यक पहल गरिनेछ। कृषि सहकारी संस्थालाई व्यवसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ। गाउँपालिकाका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ। यसबाट रोजगारी सृजना भएकोछ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ। गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ।

**सुशासन तथा संस्थागत विकास ( कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले १२ वटा ऐन, ३ वटा नियमावली, ३३ कार्यविधि, २ मापदण्डहरू र १ वटा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। त्यसै गरी व्यवस्थित शहरीकरण तथा बस्ती विकासको लागि आवश्यक गुरूयोजना योजना नीति तर्जुमा गरेको छ। गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा प्राप्त गरेको छ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा बृद्धि भएकोछ।

## ङ. आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरू

गाउँ सभा सदस्य ज्यूहरु,

अब, म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

१. छथर जोरपाटी गाउँपालिकाले राष्ट्रिय दीर्घकालीन सोँच र दिगो विकासमा आधारित विकास निर्माण तथा सेवा प्रवाहलाई निर्धारित लक्ष्य प्राप्तिमा प्रतिफलदायी बनाउन देहाय वमोजिमका विषयगत तथा क्षेत्रगत नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ । मुलुकको आर्थिक संरचनामा परिवर्तन, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान संकुचनका कारण स्रोतसाधन परिचालनको क्षमता, प्राथमिकता र क्षेत्र फरक हुन सक्ने अवस्था भएकोले अधिकतम आन्तरिक स्रोत तथा श्रम शक्तिलाई परिचालन गर्नका लागि **"छथर जोरपाटीको जन र मन - गाउँपालिकाको दिगो विकासका लागि धन"** भन्ने नाराका साथ विकास निर्माणमा जुट्न आह्वान गर्ने नीति लिइनेछ ।

क. **"पर्यटन पूर्वाधारको विकास गरौँ छथर जोरपारी गाउँपालिकालाई चिनाऊ"** भन्ने नाराले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गरी रोजगारीका अवसरहरु सृजना तथा यस क्षेत्रको आर्थिक समुन्नतिका लागि पर्यटन पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइनेछ । हलहले पटेक डाँडामा तीन सय मिटरको स्टिल रेलिङ्ग सहितको पदमार्ग निर्माण भईसकेकोमा बाँकी पदमार्ग, टावर, पिक्निक स्पोट, विभिन्न मन्दिर तथा आकृति, प्रवेशद्वार गेट, शौचालय, र सडक पूर्वाधार निर्मण गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । यसै गरी ध्वजे डाँडा बहुसांस्कृतिक पर्यटकीयमा निर्माणधिन मिनि ग्रेटबाल आगामी आ.व. २०८०।८१ मा सम्पन्न गरिनेछ । साथै पिक्निक स्पोट र जातिय स्तम्भ निर्माण कार्यलाई अगाडी बढाईनेछ । यसै गरी सम्भावित पर्यटकीय क्षेत्रहरु छथर जोरपाटी पार्क, चमेरे गुफा संरक्षण, पाथीभरा त्रिवेणी धाम, मौलोनिशान मुड्के एकीकृत क्षेत्र विकास, चिम्लिङ्ग ताम्लिङ्ग यक (गढी), त्रिशुले हात्तीखर्क पर्यटन क्षेत्र हाति स्तम्भ, चुमलुङ्ग ट्रि हाउस, फाप्रे झरना याक्चना घिर्लिङ टावर, बाल उद्यान, स्मृति पार्क समेतको पूर्वाधार निर्माण विकासको थालनी कार्य अगाडि बढाइनेछ । होटलहरुको वर्गीकरण गरी पर्यटकहरुलाई सुरक्षित र व्यवस्थित गराइनेछ । गाउँपालिका क्षेत्र भित्र होमस्टे सञ्चालनका लागि आवश्यक विस्तृत अध्ययन प्रतिवेदन (DPR) को प्रारम्भ गरिनेछ । मौलिक ऐतिहासिक पहिचान बोकेका क्षेत्रको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ । गाउँपालिका स्थित धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका मठ-मन्दिर, गुम्बा, माङहीम, चर्च तथा अन्य धरोहरहरुको मर्मत रेखदेख तथा सम्भारका लागि सम्बद्ध निकायहरुको सहयोग लिई संरचना संरक्षण, जिर्णोद्धार तथा थप सुधार गर्दै लगिनेछ।

ख. **"कृषि पेसामा लागौँ आत्म निर्भर बनौँ"** नारा आत्मा साथ गर्दै कृषि भूमीको सदुपयोग गरी कृषिको व्यावसायिक उत्पादन बढाउन निजी व्यावसायिक खेती, सहकारी खेती, कृषि उद्योगमा आधारित खेति, सामूहिक खेती, साझेदारी खेति गर्ने र बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्न नीतिगत व्यवस्था गरिनेछ । यस्ता खेती प्रणालिबाट गाउँपालिकाले उत्पादन बृद्धि र रोजगारी सिर्जना गर्नेछ । कृषि तथा औद्योगिक उत्पादनलाई निर्यातमुखी बनाउन **"एक गाउँ एक उत्पादन"** कार्यक्रमलाई प्राथमिकतामा राखी उक्त उत्पादनको बजारीकरणका लागि **"एक वडा एक थोक कृषि बजार"** को स्थापना गरी आवश्यक कृषी पूर्वाधार निर्माण गरिनेछ । खाद्य भण्डार, शित भण्डार, सङ्कलन तथा बिक्री केन्द्रको लागि आवश्यक जग्गा व्यवस्थापन गरी विस्तृत डिजाईन सहित भौतिक पूर्वाधारको निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

ग. कृषियोग्य भूमिको नियमित माटो परीक्षण गरिनेछ। माटोको उर्वराशक्ति बृद्धिका लागि अपनाइने माटो संरक्षण विधि अवलम्वन गरिनेछ। कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनिकरण गरिनेछ।

घ. संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा पशुपन्छी तथा बाली बीमा अभियानकै रुपमा सञ्चालन गरिनेछ।

- सम्भाव्यताको आधारमा दलहन, तेलहन र जडिबुटीको व्यवसायिक खेतीमा प्रोत्साहन गरिनेछ।
- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ । अर्ग्यानिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ अर्ग्यानिक कृषि वस्तुहकरुको प्रमाणिकरण र व्राण्ड प्रवर्द्धन गरी प्रदेश तथा संघीय सरकारसँग समन्वयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गरिनेछ।
- कृषि व्यवसायलाई व्यावसयिक र आधुनिकीकरण गरी रोजगारी सिर्जना गरिनेछ।
- कृषक समूह समिति र कृषक सहकारी मार्फत कृषि एकल पकेट निर्माण गरी उत्पादन वृद्वि गर्ने तथा कृषि पर्यटनको विकास गरिनेछ।

ङ. कृषि प्रवर्द्धन कोषको वृद्वि गरी सोधभर्ना सापटी कार्यक्रम मार्फत न्यून आय भएको कृषकलाई व्यवसायिक बनाइनेछ।

- खाद्यान्न, तरकारी, फलफूल, दुध, मासु, अण्डामा आत्मनिर्भर हुन कृषि सहकारी कृषि प्रा.लि.सँग सार्वजनिक साझेदारीमा आफ्नै वा लिजको जग्गामा ठूला कृषि तथा पशु फार्म सञ्चालन गराई रोजगारी सिर्जना गर्न पहल गरिनेछ।
- रसायनिक मलको प्रयोगलाई न्यूनीकरण गरिनेछ। अर्गानिक उत्पादनमा जोड दिन गोठ तथा भकारो सुधार तथा प्राङ्गारिक मल उत्पादन कारखाना खोल्न प्रोत्साहन गरिनेछ। अर्ग्यानिक कृषि उत्पादनलाई प्रमाणीकरण र व्राण्ड प्रवर्द्धन गरी प्रदेश तथा संघीय सरकारको समन्वयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गरिनेछ।
- विभिन्न प्रकारको पशुरोग नियन्त्रणका लागि पशु स्वास्थ, बाली संरक्षण, विभिन्न बाली रोग नियन्त्रणका लागि कृषि तथा पशु ल्यावको विकास गरिनेछ।
- कृषि उपजहरुको बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन सुरक्षित भण्डारण गर्न विचौलियाको प्रभावलाई रोक्न कृषि तथा पशुपन्छी र वनजन्य पदार्थको प्रशोधन केन्द्रका लागि साना तथा लघु उद्यम सञ्चालनमा निजी, सार्वजनिक, समुह र सहकारीलाई साझेदारी बनाइनेछ।

च. व्यवसायिक रुपमा उत्पादित कृषि उपज तथा उत्पादनहरूको बजार तथा मूल्य सुनिश्चित बनाउन बजार सूचना केन्द्रको स्थापना र त्यस मार्फत बजार सञ्जालको विकास र विस्तारका लागि गाउँपालिकाले व्यापारिक मध्यस्तकर्ताको समेत भुमिका निर्वाह गर्ने व्यवस्था मिलाईनेछ।

- यस गाउँपालिकाको दिगो आर्थिक विकासका लागि अनिवार्य सामाजिक सुरक्षा प्रदान गर्नु पर्ने बाहेकका सबै योजना तथा कार्यक्रमहरूलाई क्रमिक रुपले उत्पादकत्वमा आधारित बनाइनेछ।
- कृषि सहकारीलाई सो सहकारी संस्थाहरूले कृषिको विकासमा पुऱ्याएको योगदानको आधारमा प्राविधिक सहयोग उपलब्ध गराइने छ।

छ. **"बसाई सरीजान नाईनाई - सरी आउनेलाई उपहार दिउँ एक दुहुनो गाई"** भन्ने नीतिलाई निरन्तरता दिँदै सन्तुलित जनसंख्याको व्यवस्थापनका लागि थप कार्यक्रमहरु अघि सारिनेछ।

- आश्रित परिवार मात्र बस्ने अवस्था, पातलो बस्ती तथा कम जनसंख्या बसोवास भएको क्षेत्रमा बस्ती विकास योजना बनाई मानव बस्ती योग्य पूर्वाधारहरु सडक, खानेपानी, विद्यालय, स्वास्थ्य, संचार, सिंचाई, लघु-उद्यम, तथा कृषिमा व्यवसायिकरण गरी बसोवासलाई सन्तुलनमा राखिनेछ।

ज. पशुमा लाग्ने लम्पी रोग विरुद्ध खोप कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। पशुपन्छी पालन सम्बन्धी प्राविधिक सेवा दिने व्यवस्था मिलाइनेछ।

- नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत नश्लको प्रयोगद्वारा व्यावसायिक पशुपन्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- पोषणयुक्त पशु आहारको उत्पादनका लागि घासँखेती विस्तार गर्न समूह सहकारी तथा व्यवसायिक कृषकहरूलाई प्रोत्साहन गरिनेछ।
- पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ। गाउँपालिका दुग्ध उत्पादन र तरकारी उत्पादनमा आत्मनिर्भर भई निर्यात समेत गरिरहेको सन्दर्भमा दुग्ध तथा तरकारीको लागि सार्वजनिक निजी साझेदारीमा दुग्ध सहकारी तथा निजी क्षेत्रले संकलन गरेको दुधको न्यूनतम पच्चिस प्रतिशत आफैंले प्रशोधन गर्ने उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।

झ. कृषकहरुलाई पशुपालन व्यवसायमा प्रोत्साहन गर्न गाउँपालिका भरीका सबै किसानहरुलाई गाई, भैंसी र बाख्राका लागि कृत्रिम गर्भाधान सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ। दुग्ध प्रशोधन गर्ने उद्यमीहरूलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ। रेविज रोग विरुद्धको शिविर सञ्चालन गरिने छ।

२.

क. **"शिक्षालाई श्रमसँग, श्रमलाई रोजगार सँग, रोजगारलाई उत्पादन सँग, उत्पादनलाई बजार सँग"** जोड्दै देशभक्त, भविष्यप्रति आस्थावान, सभ्य, सुसँस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मविश्वासी नागरिक बनाउने नीति अवलम्वन गरिनेछ। यसका लागि व्यवहारिक, गुणस्तरीय, सबैको लागि सरल पहुँच र सीपमूलक प्राविधिक शिक्षा, नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ। छथर जोरपाटी गाउँपालिका भित्र रहेका सबै बालबालिका, युवा र प्रौढ समेत यस्ता शिक्षाबाट बञ्चित नहोउन्, छोरा र छोरीवीच भेदभाव नगरी समान शिक्षा प्राप्त गरुन् भन्ने उद्देश्यका साथ सामुदायिक विद्यालयवाट SEE मा उत्कृष्ट अङ्क ल्याउने गरिव, शहिद

परिवार, अल्प संख्यक, एकल परिवार, दलित तथा जेहेन्दार विद्यार्थी मध्ये विज्ञान विषय अध्ययनका लागि कोटा प्रणालीका आधारमा कक्षा ८-१० र ११-१२ को अध्ययन गर्न प्रतिवर्ष क्रमशः **एक छात्र र एक छात्रालाई "छथर जोरपाटी शैक्षिक छात्रवृत्ती"** दिईने नीतिलाई निरन्तरता दिइनेछ।

ख. दक्ष, सिर्जनशील, प्रविधिमैत्री तथा कर्तव्यपरायण मानवीय स्रोतको विकासका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरणको सुनिश्चितता गरिनेछ। प्राविधिक धारका शैक्षिक कार्यक्रमहरूलाई प्रत्यक्ष सहयोगको व्यवस्था गरिनेछ।

ग. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रारम्भिक शिक्षकमा रुपान्तरण गरी प्रोत्साहन दिइनेछ। सबै विद्यालयमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधाको व्यवस्था मिलाइनेछ। आधारभूत तहसम्मको अनिवार्य शिक्षा प्रणालीलाई सुव्यवस्थित गर्न तीन वर्ष पुरा गरेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न विशेष अभियान सञ्चालन गरिनेछ। सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउने कार्यसम्पादन करार सम्झौता गर्ने नीति लिइनेछ। छथर जोरपाटी उत्कृष्ठ शिक्षक सम्मान प्रदान गरिने नीतिलाई निरन्तरता दिइनेछ। समुदायको मागको आधारमा मातृभाषामा कक्षा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।

घ. एक पालिका एक नमुना विद्यालय अन्तर्गत श्री सरस्वती मा.वि. सिंधुवा नमुना विद्यालयको रुपमा सञ्चालन भइरहेको र सो विद्यालयमा शैक्षिक तथा भौतिक पूर्वाधारको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। एक पालिका एक प्राविधिक धार विद्यालय अन्तर्गत श्री चुलाचुली मा.वि. मा बाली विज्ञान विषय तर्फको प्राविधिक धारको कक्षा क्रमशः थप गर्दै लगिनेछ। सिकाई सुविधामा सुधारका लागि भवन निर्माण, कक्षा कोठा मर्मत, पुस्तकालय निर्माण, विज्ञान प्रयोगशाला निर्माण, शौचालय निर्माण, कम्प्यूटर र आई.सि.टी. ल्याब स्थापनाका लागि थप व्यवस्था मिलाइनेछ। गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरूलाई सूचना प्रविधि युक्त बनाइ शिक्षण सिकाईमा सहजिकरणमा प्रविधिको प्रयोग गर्न नेपाल दुरसञ्चार प्राधिकरण र पालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक सामुदायिक विद्यालयको कक्षा ६-१० सम्मका कक्षाहरुको मुख्य विषय गणित, विज्ञान र अंग्रेजी विषयको शैक्षिक गुणस्तर सुदृढिकरणका लागि अभिभावकको साझेदारीमा न्यूनतम तीन महिना थप कक्षा शिक्षण (कोचिङ्ग) को व्यवस्था मिलाईनेछ। सिंधुवामा साधारण धारको क्याम्पस स्थापना र चुलाचुलीमा प्राविधिक धार अन्तर्गत वाली विज्ञानको कृषि क्याम्पस स्थापना साथै अन्य स्थानमा आवश्यकता र मागको आधारमा थप क्याम्पस स्थापना गर्न पहल गर्ने नीति अवलम्वन गरिनेछ।

३. **"स्वास्थ्यको लागि खेलकुद"**को नारालाई सार्थकता तुल्याउन विद्यालय उमेरबाटै बालबालिकाको सहभागिता रहने गरी शरीर स्वास्थ्य,स्फूर्त बनाई राख्नको लागि सम्भाव्य सबै प्रकारका खेलकुद कार्यक्रमको विकास र विस्तार गरी खेलकुदको क्षेत्रमा दक्ष र व्यवसायिक जनशक्तिको विकास गर्ने साथै खेलको माध्यमबाट छथर जोरपाटीको पहिचान स्थापित गर्ने तथा

खेलाडीहरूको सुनिश्चित भविष्य निर्माणमा आर्थिक र सामाजिक रुपले संरक्षण र सुरक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

- यस पालिका भित्र कवर्ड हल निर्माणको लागि सम्वध निकायहरुसँग पहल गरिने नीति लिइनेछ।
- विद्यालय स्तरीय छात्राहरुको उपाध्यक्ष कप फुटवल प्रतियोगिता संचालन गरिनेछ ।
- निरोगिता, अनुशासन एवं मर्यादा विकासको आधार खेलकुद भएका कारण खेलकुदको विकास र प्रवर्द्धनका लागि विद्यालयस्तर देखि नै मजवुत बनाउँदै लगिने नीति अवलम्वन गरिनेछ भने क्रमशः **एक वडामा एक खेल मैदान निर्माण**को लागि सम्भावयता अध्ययन गरि डिपिआर बनाउने नीति लिइनेछ । वडास्तरीय तथा स्थानीय तहस्तरीय **छथर जोरपाटी कप फुटवल प्रतियोगिता, विद्यागत पूर्वाधार निर्माण, विद्यागत खेलकुद प्रतियोगिता, विद्यागत प्रशिक्षण तथा सामाग्री वितरण**का कार्यक्रम आयोजना गरी खेलकुद विकासका लागि विशेष पहल गरिनेछ । विद्यालय स्तरको खेलकुदलाई अतिरिक्त क्रियाकलापसँग एकीकृत गरी **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता** मार्फत सबै विद्यालयहरुको अतिरिक्त क्रियाकलाप सम्बन्धी मूल्याङकन प्रणलीको विकास गरिनेछ ।
- यस पालिकामा व्यवसायिक खेलकुदलाई प्रोत्साहन गर्नको लागि पालिका स्तरिय खेल प्रशिक्षकको व्यावस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।
- विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिईनेछ ।
- गाउँपालिकाको वार्षिक स्थापना दिवसको अवसरमा वडास्तरीय **"अध्यक्ष कप भलिबल प्रतियोगिता"** मार्फत खेलकुदको विकास गरिनेछ ।
- **"एक वडा, एक व्यायामशाला"** को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाउने प्रयत्न गरिनेछ ।

४.

क. आवश्यकताका आधारमा अध्ययन विश्लेषण गरी गाउँपालिकाको क्षमताका आधारमा निर्माण नगरी नहुने स्थानमा पुल, कल्भर्ट, कज-वे, निमार्णका लागि आवश्यक कदम चालिनेछ र सम्भव नभएका ठूला योजनाहरुको हकमा बहुवर्षीय योजनामा समावेश गरी निर्माण कार्यको थालनी गरिनेछ ।

- आवागमनको चाप, भारी तथा हलुका सवारीका साधन साथै सामान्य आवागमनका आधारमा आवश्यक स्थानको पहिचान गरी पक्की तथा कच्चि पुल साथै झोलुङ्गे पुलको निर्माणका लागि विशेष पहल गरिनेछ ।
- याक्चाना मोटरेवल पक्की पुलको निर्माण प्रारम्भ गरिनेछ ।

ख. गाउँपालिकामा कार्यन्वयनमा रहेको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७५ अनुसार गाउँपालिका स्तरीय सडकलाई कालो पत्र गर्ने, बस्ती सडकलाई ग्राबेल र सोलिङ्ग गर्ने, कृषि सडकलाई स्तरोन्नती गर्ने र गोरेटो बाटोलाई सरसफाई गर्ने नीति अवलम्वन गरिनेछ।

ग. ठेक्का प्रकृयावाट कार्यान्वयन हुने सार्वजनिक क्षेत्रका आयोजनामा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीले आयोजना निर्माण गर्न आवश्यक पर्ने दक्ष, अर्धदक्ष र अदक्ष श्रमिक आयोजना प्रमुख मार्फत यस गाउँपालिकाको रोजगार केन्द्रसँग माग गरी काममा लगाउने आवश्यक शर्त राखी निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गर्ने नीति लिइनेछ।

- प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध बेरोजगारहरुलाई यस पालिकाबाट बजेट थप गरी व्यवस्थित गरिने छ।

घ. सडक तथा भौतिक पूर्वाधार जस्ता निर्माणका लागि वडास्तरको वजेट विनियोजन गर्दा समेत नागरिक तथा कृषकलाई सेवा प्रवाहमा प्रत्यक्ष लाभ पुऱ्याउने गरी सडक निर्माण वा स्तरोन्नती गर्ने गराउने नीति अवलम्वन गरिनेछ।

- यस गाउँपालिकाका सबै वस्तीहरूबाट वडा कार्यालयहरु जोड्ने सडकहरुलाई उच्च प्राथमिकताका साथ स्तरोन्नति गरिनेछ।

ङ. निर्मित सडकको संरक्षणको प्रमुख आधार भन्नु नै सो सडकको ढलनिकास नाली रहेको हुँदा सडक स्तरोन्नती आयोजनामा सर्वप्रथम ढल निकासका लागि अनिवार्य रुपमा नाली निर्माण कार्य हुनुपर्ने, निर्मित आयोजनामा सर्वप्रथम ढल निकासका रुपमा नाली काट्ने कार्य अघि सार्ने नीति लिइएको छ। यसैगरी गाउँपालिका स्तरीय सडकको मापदण्ड तथा निकट भविष्यमा तयार हुने गाउँपालिकाको सडक गुरुयोजना (RTMP) अनुसार मात्र सडक निर्माण वा मर्मत कार्य गर्नुपर्ने नीतिलाई कडाइका साथ पालना गरिनेछ। सडक संचालनलाई व्यवस्थित गर्न मर्मत सम्भार कोषलाई थप व्यवस्थित एवम् पारदर्शी बनाइनेछ।

च. सडक सञ्जालको विकास भएपछि नै कुनै पनि स्थानको आर्थिक, सामाजिक रुपान्तरण हुन्छ। गाउँपालिकाको गौरवका रुपमा रहेका पालिकास्तरीय सडकहरुलाई स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- पूर्वाधार निर्माण सम्बन्धिका कार्यहरुमा रु १ करोड सम्म लागत अनुमान भएका आयोजनाहरु संचालन गर्दा प्राविधिक टोलीले मेशिन प्रयोग गर्नुपर्ने वा नपर्ने विषयको अध्ययन गरी प्राविधिक दृष्टिकोणले मेशिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको वाहेक सबै आयोजनाहरुमा श्रममूलक प्रविधिको प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ।

छ. सडक यातायात गुरुयोजना तयार गरी सोही वमोजिम वर्गिकरणका आधारमा प्राथमिकता प्राप्त अति आवश्यक सडकहरूलाई बाह्रै महिना यातायात सञ्चालन सहित सहज आवागमन गर्न सकिने गरी सडक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाईनेछ। सडक मापदण्ड वमोजिमको

सेडव्याक छाडेर मात्र भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईकासाथ कार्यान्वयनमा ल्याईनेछ ।

ज. विद्युत प्राधिकरण तथा खानेपानी वितरण केन्द्रबाट सडक किनारामा जडान हुने विद्युत पोल तथा खानेपानी पाईप लाईनलाई गाउँ कार्यपालिकाको योजना शाखाको समन्वयमा मात्र जडान तथा विस्तार गर्नुपर्ने गरी समन्वयात्मक व्यवस्था मिलाईनेछ । पानी निकासको सुनिश्चितता भएपछि मात्र सडक ग्राभेल तथा कालो पत्र गर्ने व्यवस्था मिलाईनेछ साथै सवारी आवागमनको चाप र क्षमताका आधारमा भार बहन क्षमता हिसाव गरी कालो पत्र सडकमा पिचको मोटाईको मात्रा निर्धारण गरी सोही वमोजिम कार्यान्वयनको सुनिश्चित गरिनेछ । यातायात पूर्वाधार निर्माणसँग सम्बन्धित पुराना तथा चालु अवस्थाका र आवश्यकताको आधारमा थप नयाँ आयोजनाहरू संचालन गरिनेछ ।

५.

क. प्राकृतिक प्रकोप तथा विपद्का दृष्टिले नेपाल जोखिमयुक्त अवस्थामा छ । सुरक्षित बस्ती विकास योजना अभावका कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको तथ्य हाम्रो सामु रहेकोछ । हाम्रो यस गाउँपालिकाको क्षेत्र पनि यसबाट अछुतो नरहेको व्यहोरा स्मरण गराउन चाहन्छु । यसर्थ सबैका लागि व्यवस्थित बस्ती विकास गरी सुलभ तथा वातावरणमैत्री आवासको प्रवर्द्धन गर्दै भूकम्प लगायतका सबै प्रकारको प्रकोप प्रतिरोधात्मक सार्वजनिक तथा निजी भवनहरु निर्माण गर्दै लैजान विज्ञहरुको परामर्श समेतका आधारमा आफ्नो परिवेश अनुकूल मापदण्ड तयार गरी कार्यान्वय गर्ने कार्यक्रम अघि सारिनेछ ।

ख. प्राविधिक सल्लाह तथा अनुमति बिना निजी वा सरकारी भवन निर्माण कार्यमा बन्देज लगाइनेछ (त्यसरी बनाईएका भवन र घरहरुका लागि खानेपानी, बत्ती, टेलिफोन जडान सिफारिसमा रोक लगाईनेछ) विपन्न, दलित तथा पिछडिएका विपन्न वर्गहरुलाई आवास निर्माण अनुमति - पत्र लिँदा तोकिएको रकम छुट दिने नीति तयार गरिनेछ । जनता आवास, सुरक्षित नागरिक आवास र आवास सुधार सहयोग कार्यक्रम मार्फत फुसको छाना रहित पालिका घोषणा गरिनेछ ।

ग. यस क्षेत्रका निश्चित बजार क्षेत्रको छुट्टै पहिचानका लागि सम्बन्धित बजारबासीहरुको समन्वयमा भवनको डिजाइन तथा रङ्गरोगन निर्धारण गरिनेछ । सिंधुवा बजार, जोरपाटीबजार र चुलाचुली बजार, काजीमान बजार, धुलपुजा बजार, पञ्चमी बजार, चण्डीपुर्णे चोक तथा चप्परी चोक लाई सुन्दर र हरियाली शहरमा रुपान्तरण गरिनेछ । हरेक निजी वा सरकारी भवन निर्माण गर्दा अपांगमैत्री, बालमैत्री संरचना निर्माणमा जोड दिइनेछ । निश्चित स्थानहरु पहिचान गरी बाल उद्यान, ज्येष्ठ नागरिकमैत्री पार्क, सेवा केन्द्र, सार्वजनिक वाचनालय, सामुदायिक भवन निर्माण गर्दै लगिनेछ भने विद्यालय क्षेत्रको सुधारका लागि प्रविधिमैत्री भवनहरु निर्माण गर्दै जाने नीति अवलम्वन गरिनेछ । यस आ.व. मा वडा नं. १ को वडा कार्यालय भवन संघिय सरकारको

साझेदारीमा निर्माण कार्य भई रहेको साथै बाँकी रहेका वडाहरूमा पनि संघीय साझादारीमा वडा कार्यलयहरु निर्माण गर्न पहल गरिनेछ।

६.

क. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **“विदेश हैन बिजनेस”** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

ख. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाका स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम सँग आवद्ध गरिनेछ।

ग. अति विपन्न परिवारको पहिचान गरी न्यूनतम आवश्यकताको परिपुर्ति गर्न **“अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यविधि”** निर्माण गरी उनीहरूको जीवन रक्षाको सुनिश्चितता गर्न **“छथर जोरपाटी अति विपन्न परिवार सामाजिक सुरक्षा कार्यक्रम”** सञ्चालन गर्ने नीति लिइनेछ।

घ. विपन्न लक्षित वर्गका निम्ति विनियोजन हुने रकमलाई समेत सीप विकाससँग एकीकृत गरी सबै वर्ग, समुदायका विशेष रुपले पछाडी परेका तथा पारिएका महिला तथा यूवाहरूको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक क्षमता र सीप विकासमा आधारित **“छथर जोरपाटी लक्षित वर्ग तथा समुदाय क्षमता तथा सीप विकास कार्यक्रम”** सञ्चालन गरिनेछ यसका लागि आवश्यक तालिक केन्द्र र स्वरोजगार बैंक समेत स्थापना गरी सोही तालिम केन्द्र मार्फत सीप विकासका सबै कार्यक्रम र स्वरोजगार बैंक मार्फत स्वरोजगारी सिर्जना गरिनेछ। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती आदिबासी लगायतका सबै लक्षित वर्ग र समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास, संरक्षण र प्रवर्द्धनमा आधारित कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गरी सामाजिक समानताको दिगो आधार सहितको गाउँपालिका निर्माणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ।

७.

क. मातृ शिशु स्वास्थ्य प्रवर्द्धन तथा जन्मजात विकसित हुन सक्ने अपाङ्ता न्यूनिकरणका लागि स्थानीय स्वास्थ्य संस्था मार्फत सन्तानको योजना बनाएका दम्पतिहरूलाई निःशुल्क रूपमा फोलिक एसिड चक्की - वितरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

- गाउँपालिका भित्र जन्मने हरेक नवजात शिशुको जन्मदोष पहिचान गरी पहिचान भएकाको तत्काल उपचार सहजीकरणको कार्यलाई थप प्रभावकारी बनाईनेछ।

ख. जेष्ठ नागरिकहरुका लागि सुगर, प्रेसर र मानसिक तथा अन्य कडा रोग औषधी सहित घरघरमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

- हाल चालु रहेको २४ घण्टे प्रसुती सेवा सञ्चालनलाई निरन्तरता दिई थप व्यवस्थित गर्दै लगिनेछ ।
- बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, सुरक्षा, खोप सेवा लगायतका सबै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एउटै डालीमा **"उपाध्यक्षसँग गर्भवती तथा शिशु पोषण"** कार्यक्रम सञ्चालन गरी बालबालिकाको भ्रुण रक्षा सहितको जीवन रक्षा र आमाहरूको मातृत्व रक्षाको

**सुनिश्चितताका लागि अल्ट्रासाउण्ड ( Video X-Ray) सहितको घुम्ति स्वास्थ्य शिविर कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।**

ग. स्वास्थ्य रक्षाका आधारभूत सेवाको सहज पहुँचको विकास, दक्ष जनशक्तिको व्यवस्थापन, आवश्यक औषधिको सहज र पर्याप्त उपलब्धता, स्वास्थ्य परीक्षणका लागि प्रविधिमैत्री आधुनिक यन्त्र उपकरणको व्यवस्थापन, आपतकालीन सेवा प्रवाहको बिस्तार समेतका आधारमा सबै उमेर समूह लगायत सबै वर्ग र तहका गाउँपालिकाबासीको स्वास्थ्य क्षेत्रमा सहज पहुँच सहितको सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।

घ. गाउँपालिकाका विद्यमान स्वास्थ्य चौकीहरूका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार (भवन, एक्स-रे सेवा, परीक्षण कक्ष, बिरामी आराम कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी पूर्वाधार, शौचालय, विद्युतीय सेवा लगायत) को निर्माण व्यवस्थापन गरी सेवा प्रवाहलाई सहज तथा प्रभावकारी बनाइनेछ । सबै वडामा खोप केन्द्रहरूको निर्माण गरी महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई दिईदै आएको प्रोत्साहन भत्ता वृद्धि गरिनेछ । निर्माणाधिन अस्पतालको सञ्चालन व्यवस्थापनका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरी सुविधा सम्पन्न बनाईनेछ । सार्वजनिक स्थलहरूमा जगाको व्यवस्था गरी सार्वजनिक शौचालायको निर्माण गरिनेछ ।

ङ. **"म स्वस्थ, मेरो पालिका स्वस्थ, मेरो देश स्वस्थ"** भन्ने नारालाई आत्मासाथ गर्दै सबै वडाहरुको सबै टोलहरुका शिशु तथा बालबालिकाहरुलाई पुर्ण खोप र विभिन्न रोग बिरुद्धको खोप सेवा निर्वाध रुपमा उपलब्ध गरिनेछ भने पोषण सम्बन्धी कार्यहरु, गर्भवती प्रोत्साहन भत्ता, मातृ तथा नवशिशु कार्यक्रम, परिवार नियोजन, प्रजनन स्वास्थ्य तथा सुरक्षित गर्भपतन सेवा लिन पाउने हकको सुनिश्चितता गरिनेछ ।

- सरकारको निरोगी नेपाल निर्माण नीतिलाई अवलम्वन गर्दै नेपाल सरकारको स्वास्थ्य बीमा नीतिलाई आत्मासाथ गर्दै छथर जोरपाटी निवासी लक्षित वर्गका नागरिकहरूलाई **५० प्रतिशत** स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रकृतिमैत्री स्वच्छ जीवन प्रणाली प्रवर्द्धन गरी रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने निरोधात्मक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि व्यायामशाला, आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

- सिंधुवामा निर्माणधिन ५ शैया आधारभूत अस्पताल भवन यथाशिघ्र सम्पन्न गर्नको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

च. न्यून आय भएका, आदिवासी, जनजाती, दलित, पिछडिएका वर्ग, लोपोन्मुख, अल्पसंख्यक जाती र अन्य समूदायको स्वास्थ्य उपचार पहुँचमा वृद्धि गरिनेछ ।

८.

क. स्वच्छ सुरक्षित पिउने पानी उपलब्ध हुनुपर्ने गाउँपालिकाबासीको आधारभूत आवश्यकताको परिपूर्ति गरिनेछ साथै पिउने पानीको गुणस्तर परीक्षणका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ । खानेपानी तथा सरसफाई सम्बन्धी सेवा भरपर्दो, गुणस्तरीय, सर्वसुलभ बनाउन अभियानका रुपमा खानेपानी तथा सरसफाई कार्यक्रमहरु सञ्चालन गरिनेछ। छथर जोरपाटी वृहत खानेपानी आयोजना, तमोर नदीको पानी लिफ्टिङ आयोजना सञ्चालनमा आईसकेको र आगामी वर्ष भित्र त्यसको गुणस्तरमा वृद्धि गरिनेछ ।

- पालिकाको सबै वडामा **"एक घर एक धारा"** नीति अघि बढाइनेछ ।
- जोरपाटी गुराँसे खानेपानी आयोजनाको डि.पि.आर अनुसारको काम अगाडि बढिरहेको साथै उक्त योजनालाई तत्काल सम्पन्न गर्न पहल गर्ने नीति अवलम्वन गरिनेछ ।
- भष्मे गुराँसे, खमारे-खैरेनी खानेपानी र अधेरी सामुदायिक वन मुहान लिफ्टिङ खानेपानी आयोजनाको सम्भव्याता अध्ययन (डि.पि.आर) गरी कार्यन्वयनको पार्टोलाई अगाडी बढाउने नीति अवलम्वन गरिनेछ ।

अ. गाउँपालिकाका घना बस्ती भएको साथै भविष्यमा यस प्रकारको अवस्था आउने सम्भावना रहेका मुख्य बजार केन्द्रहरूमा खानेपानी पाईपलाईनको व्यवस्थापन गरी सुरक्षित खानेपानीको वितरण र उपभोगको सुनिश्चितता गरिनेछ साथै यसका लागि प्रदेश तथा संघीय सरकारसँग समेत बजेट माग गर्ने व्यवस्था मिलाईनेछ ।

आ. सार्वजनिक स्थलहरूमा खानेपानी पूर्वाधारको निर्माण गरी स्वास्थ्य, स्वच्छ र सुरक्षित पानीको सुनिश्चितता गरिनेछ ।

इ. खानेपानीको सुविधाबाट बञ्चित जनसंख्यासम्म खानेपानी पुगेको सुनिश्चित गर्ने रणनीतिको विकास गर्ने, तथा खानेपानी वितरण प्रणालीको उपयोगिता, वितरण क्षेत्र, दिगोपन र विश्वसनीयतालाई सुदृढिकरण गर्ने ।

ई. खानेपानी तथा सरसफाई सम्बन्धी विद्यमान नीतिहरुमा विपद् जोखिम न्युनिकरण र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम समावेश गर्ने र आवश्यक तयारी गर्नका लागि सहयोग गर्ने ।

उ. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ ।

ख. गाउँपालिकामा स्थायी बसोवास गरेका दलित, विपन्न, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएका वर्ग बस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापनका लागि **"एक घर - एक धारा"** कार्यक्रम सञ्चालन गरिनेछ।

ग. गाउँपालिका अन्तर्गत रहेका खेतीयोग्य जमिनमा सिंचाईका लागि खोलानालाहरुबाट कुलो निर्माण गर्ने कार्य भइरहेका कुलोहरुलाई उपभोक्ताहरुको सहभागीतामा मर्मत संभार तथा सञ्चालन गर्ने, कुलो निर्माणका लागि आवश्यक मेशिनरी औजार तथा प्रविधिहरु खरिद गरी आधुनिक सिंचाई प्रणालीको विकास र विस्तार गर्न साना सिंचाई आयोजना, प्रदेश सरकार र संघिय सरकार र पालिकाको साझेदारीमा योजना सञ्चालन गर्ने नीति अवलम्वन गर्दै सिंचाई व्यवस्थालाई उत्पादनमूलक कृषि व्यवसायमा आवद्ध गरिनेछ।

- गाउँपालिका भित्र संस्थागत साझेदारीमा मुल कुलो सिचाई योजना, बहादुरे कुलो सिचाई योजना, गोविन्द टोल कुलो सिचाई योजना, तेलिया टार कुलो सिचाई योजना, ओख्रावारी पिठाकोटे कुलो सिचाई योजना र नयाँ आमबोटे कुलो सिचाई योजना सम्पन्न भई सञ्चालनमा आएका छन् भने यसै आ.व. भित्र संस्थागत साझेदारीमा सल्ले पात्ले कुलो सिचाई योजना मिश्र बगर कुलो सिचाई योजना, तल्लो सल्ले कुलो सिचाई योजना, ओख्रे शुरुवाले कुलो सिचाई योजना, सालबोटे कुलो सिचाई योजना, बगरे कुलो सिचाई योजना र पिलिम कुलो सिचाई योजना सम्पन्न समेत गरिनेछ।

९.

क. गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने नीति तथा कार्यक्रम तयार गरिनेछ। बालबालिका तथा किशोर-किशोरीहरुको हक अधिकार संरक्षण गर्दै भावी दिनमा उनीहरुलाई सक्षम एवं जिम्मेवार नागरिक बन्ने वातावरण तयार पार्नका लागि बालबालिकाको शीर्षकमा विनियोजित बजेटलाई अधिकतम उपयोग गरिनेछ।

ख. बालबालिका तथा किशोर-किशोरीहरु उपर हुने घरेलु तथा बाह्य हिंसा, भेदभाव, शोषण तथा दुर्व्यवहार अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकालाई **"बालश्रम निषेधित क्षेत्र"** घोषणा गर्ने कार्यक्रम अघि सारिनेछ। विपन्नताका कारण विद्यालय छाड्न बाध्य भएका बालबालिका तथा किशोर-किशोरीहरुका लागि विषयगत इकाइसँग छलफल गरी पुनः भर्नाको वातावरण सिर्जना गर्ने कार्यक्रम तय गरिनेछ। पालिका भित्रका अभिभावक विहीन/बेसहारा बालबालिकाहरुको उचित संरक्षण तथा सम्वर्द्धन गरी खाना, नाना र शिक्षाको पहुँच सुनिश्चितताको लागि विशेष कोष खडा गरिने नीति अवलम्वन गरिनेछ।

ग. महिला उपर हुने घरेलु हिंसा र कतिपय स्थानमा हुने पुरुष हिंसा जस्ता लैंगिक हिंसाहरु न्यूनीकरण गर्दै छुवाछुत तथा जातीय भेदभावमुक्त समाज निर्माणका लागि यस्ता कार्यहरुलाई पूर्णरुपमा दण्डनीय कार्य मानी कानूनी कारवाहीलाई प्रोत्साहन गरिनेछ।

- बालविवाह निरूत्साहित गर्ने नीति अवलम्वन गरिनेछ।

घ. **"बालबालिकहरुलाई कक्षा कोठामा ल्याऔँ, सिकाऔं, पढाईमा टिकाऔँ र समाजमा विकाऔँ"** भन्ने कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

- प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत सबै सामूदायिक विद्यालयमा नर्सरी र केजी कक्षा सञ्चालन गरिनेछ। यसका लागि शिक्षक, अंग्रेजी माध्यमको पाठ्यपुस्तक, झोला, दिवा खाजा र आवश्यकताका आधारमा सबै छात्रालाई सेनिटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षाको कक्षा थप गर्दै लगिनेछ। सामुदायिक सिकाई केन्द्रहरुलाई अनौपचारिक शिक्षा दिने थलोको रुपमा विकास गरिनेछ।
- राष्ट्रिय प्रारम्भिक पढाई कार्यक्रमको मोडलमा शिक्षकहरुलाई प्रवाभकारी तालिम, दौतरी शिक्षा, पढाई मेला जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।
- **"एक पालिका एक सामुदायिक पुस्ताकालय"** अन्तर्गत सामुदायिक पुस्ताकालय तथा ई-लाइब्रेरी स्थापना गरिनेछ।
- विद्यालयका सबै तहका शिक्षकहरुका लागि मागमा आधारित विषयगत तालिम दिइनेछ। विद्यालयमा भयरहित तथा बालमैत्री वातारणमा शिक्षा आर्जन गर्न पाउने बाल अधिकारको सुनिश्चितता गरिनेछ।
- सबै शिक्षकहरुलाई आ-आफ्ना विषयको विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धिका लागि जिम्मेवार तथा जवाफदेही बनाइनेछ।
- शिक्षकहरुको प्रोत्साहनको लागि सिकाई उपलब्धी तथा कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अपनाइनेछ। विद्यालयहरुको समग्र पक्षको अनुगमन तथा मुल्याङ्कन गर्नको लागि संयुक्त अनुगमन प्रणाली अवलम्वन गरिनेछ।
- सबै विद्यालयहरुमा बाल क्लव तथा आमा समूहहरुको गठन गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय भर्नाको समयमै अपाङ्गता भएका बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी उनीहरुको स्तर र क्षमता अनुसारको सिकाई वातावरण तयार पर्ने किसिका थप कार्यक्रमहरु संचालन गरिनेछ।

१०.

क. **"मानवीय हिसावले जुटौँ विपद् लाई कम गरौँ"** विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि स्थापित **"प्रकोप व्यवस्थापन कोष"** लाई थप व्यवस्थित गरिनेछ।

- गाउँपालिकास्तरीय तथा वडा स्तरीय गठित विपद् व्यवस्थापन समितिलाई विपद् क्षेत्रमा आवश्यक सहयोगको लागि परिचालन गरिनेछ।
- भविष्यमा पर्न जाने विपद् व्यवस्थापनका लागि यसै आ.व. भित्र हरेक वडाहरुमा निश्चित भू-भागहरुलाई खुल्ला मैदानका रुपमा तोकी सो मैदानको उचित संरक्षण गर्दै लगिनेछ।

- आगामी आ.व.मा विपद् व्यवस्थापन प्रतिकार्य योजना मुताविक एक वडा एक हेलिप्याड निर्माण, आवश्यक थप पूर्वाधार तथा मेशिनरी यन्त्रहरुको व्यवस्थापन गर्दै लगिनेछ।
- समय समयमा उत्पन्न हुने महामारीको अवस्थालाई सामना गर्न स्वास्थ्यकर्मी सहितको गाउँपालिका स्तरीय (र्‍यापिड रेस्पोन्स टिम) लाई सशक्त रुपमा परिचालन गरिनेछ।
- विपद्का रुपमा रहेको जङ्गली जनावरको आतङ्क नियन्त्रण रोकथामका लागि प्रयत्न गरिनेछ।
- विपद जोखीम न्युनिकरण तथा जलवायु परिवर्तन अनुकुल हुने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

११.

क. **"खाली जमिनमा विरुवा रोपौ वातावरण जोगाऊ"** कार्यक्रमलाई सार्थक बनाउन निजी वन, सामुदायिक वन तथा सरकारी वनको खुला क्षेत्रमा वृक्षरोपण, डालेघाँस, जडिवुटी, घुसुवावाली फलफूल लगाई उचित व्यवस्थापन गरिनेछ।

- सम्भावित सुख्खाग्रस्त क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण गर्ने तथा सिंचाई सञ्जालीकरण विस्तार गर्ने नीति लिइनेछ। विकासको पुर्वाधार निर्माण गर्दा वातावरणीय क्षतीलाई न्युनीकरण गर्न वातावरण प्रभाव न्युनीकरण, प्रारम्भिक वातावरण, गरि वातावरण मैत्री विकासलाई प्राथमिकता दिने नीति लिईनेछ।
- प्रत्येक आवसीय भवनमा **"एक घर- एक विरुवा"** नीतिलाई निरन्तरता दिइनेछ।
- यस पालिका भित्र रहेका सामुदायिक वनमा आवद्ध नभएका वन क्षेत्रहरुलाई कार्यविधि बनाई गाउँपालिकाको मातहतमा ल्याउने नीति अवलम्वन गरिनेछ।
- वन क्षेत्रमा निस्कने वन पैदावारमा आधारित काष्ठ व्यवसायी तथा लघु उद्यमको स्थापना गरी स्वरोजगार बनाउँदै यस क्षेत्रवाट उत्पादन हुने काष्ठको उचित स्थान छनौट गरेर प्रत्येक वडामा काष्ठ संकलन केन्द्र निर्माण गरी गाउँपालिकाको आयवृद्धिको माध्यम बनाईनेछ।
- वन क्षेत्रलाई पर्यापर्यटनको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ।
- यस क्षेत्रको सामुदायिक वनहरुको विधान कार्य योजना निर्माण साझेदारीमा गरिनेछ। यसरी वन पैदावार, ढुङ्गा, गिटी, वालुवा निकासी तथा पैठारीमा मापदण्ड तर्जुमा गरी नियमन गरिनेछ।

ख. किशोर–किशोरी शिक्षाको अभावका कारण कानूनद्वारा वर्चित बालविवाह, बहुविवाह, अनमेल विवाह, धुम्रपान, मद्यपान तथा लागू औषध दुर्व्यसनी जस्ता कुरीतीहरु अन्त्य गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२.

क. **"फोहोरमैलालाई व्यवस्थापन गरौँ सभ्य नागरिक बनौँ "** भन्ने नारालाई सार्थक तुल्याउन केन्द्रको लागि प्राप्त जग्गाको उचित व्यवस्थापन गरिने र थप सम्भाव्य फोहोरमैला व्यवस्थापन

केन्द्रको खोजी गरिनेछ। फोहोरमैला प्रशोधन वा व्यवस्थापन केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण गरी कार्यान्वनयमा ल्याईनेछ।

- ४० माइक्रोन भन्दा पातलो प्लास्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाइनेछ । फोहोर संकलनबाट निस्कने प्लाष्टिक जन्य वस्तुबाट सञ्चालित उद्योग स्थापना गर्नेलाई प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ।
- ठोस तथा तरल फोहोर मैलाको उत्पादनलाई स्रोतमा नै न्यूनीकरण र वर्गीकरण गरी व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईनेछ।
- फोहोरमैला न्यूनीकरण तथा यसको दिगो व्यवस्थापन साथै फोहोरमैलाका कारण मानव स्वास्थ्य, समग्र वातावरण, आर्थिक क्षयीकरण साथै सामाजिक तथा सांस्कृतिक विकासमा पार्ने प्रभाव तथा असरका वारेमा सबै गाउँपालिकाबासीलाई सुशिक्षित बनाईनेछ।
- धुलो, धुँवा, ध्वनी प्रदुषण नियन्त्रण तथा व्यवस्थापन गरी सो कार्यलाई सामाजिक तथा व्यक्तिगत जीवन पद्धतिसँग आवद्ध गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत रहेका सबै सामुदायिक वनहरुको एकिकृत वन तथा वातावरण कार्ययोजना निर्माण गर्ने, वन पैदावार निकासी सम्बन्धी कार्य व्यवस्थित गर्न गुरुयोजना निर्माण गरी वन तथा वातावरण क्षेत्रको दीगो विकास, सम्वर्द्धन र प्रवर्द्धनका लागि गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गराउने, आय-व्यय सम्बन्धी लेखापालनलाई पारदर्शी बनाउने कार्य समेत गरिनेछ।
- फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गर्दै लैजानका लागि सबै मुख्य बजारहरुबाट फोहोर संकलन गर्दा नै कुहिने र नकुहिने वस्तुका लागि अलग-अलग गरी लैजाने व्यवस्था गरिनेछ। मुख्य सडकको दायाँ वायाँ वृक्षारोपण कार्यलाई प्रोत्साहित गरिनेछ।

१३.

क. महिला शिक्षा, महिला सशक्तिकरण, वित्तीय साक्षरता, महिला उद्यमशीलता कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

- किशोर किशोरीमा बढ्दो रुपमा देखा परेको मनोगत समस्या, आत्महत्या जस्ता घटनालाई न्यूनीकरण गर्न मनोविमर्शकर्ताबाट सम्भाव्य अभिमुखिकरण कार्यक्रमको व्यवस्था मिलाइनेछ।

ख. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्दै उनिहरू सहितको समावेशी समाज निर्माणका लागि स्थानीय तहको नेतृत्व तथा प्रदेश सरकार, स्थानीय सरकारको साझेदारी र करूणा फाउण्डेशन नेपालको प्राविधिक सहयोगमा सञ्चालित अपाङ्ता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४.

क. **"भाषा सांस्कृति र कलालाई जोगाऊ र आफ्नो पहिचान स्थापित गरौँ"** भन्ने नारालाई आत्मा साथ गर्दै आदिवासी, जनजाती तथा लोपोन्मुख जातिको भाषा, चाडपर्व, संस्कार, कला,

इतिहास, साहित्य र विज्ञानको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ। आदिवासी, जनजातीको संस्कृति झल्कने बहुसांस्कृतिक प्रतिक पार्क निर्माण गरी सांस्कृतिक सङग्रहालय निर्माण गर्न प्रदेश सरकार र संघिय सरकारसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिने नीति अवलम्वन गरिनेछ।

ख. स्थानीय सबै जातजातीको सांस्कृतिक समूह गठन गरी कला, भाषा तथा साहित्य, सांस्कृतिक सामाग्रीको जगेर्ना, लिम्बु भाषा र मगर भाषाको प्रशिक्षण, विकास र प्रवर्द्धनको आवश्यक व्यवस्था मिलाइनेछ। गाउँपालिका भित्र रहेका फरक क्षमता (अपाङ्ग) भएका नागरिकहरुको पहिचान तथा परिचय-पत्र प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस प्रकारको अपाङ्ग व्यक्तिहरुलाई सीप तालिम, आय-आर्जन, क्षमता विकासका कार्यक्रममा सहभागी गराई सपाङ्ग सरहको जीवनयापन गर्न सक्ने बनाउने प्रयत्न गरिनेछ।

- प्रदेश सरकार, गाउँपालिकाको साझेदारी र करुणा फाउन्डेसनको प्राविधिक सहयोगमा अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रम मार्फत जन्मजात अपाङ्ग हुनबाट बचाउने र विभिन्न कारणबाट अपाङ्ग भएकालाई समाजमा पुनरस्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। अशक्त, असहाय, बेसहारा ज्येष्ठ नागरिकको प्राथमिकता साथ संरक्षण गरिनेछ।
- ७० वर्ष देखि माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमा निःशुल्क स्वास्थ्य परीक्षण गर्ने, अन्तर-पुस्ता ज्ञान, अनुभव, सीप हस्तान्तरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१५. गाउँपालिका भित्र रहेका बहिरा व्यक्तिहरूको सञ्चारको अधिकारलाई सुनिश्चित गर्न सांकेतिक भाषाको व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१६. प्रदेश सरकारको एक बस्ती एक परिवारको एकिकृत बस्ती विकास कार्यक्रमलाई सार्थक बनाउन ५ नं वडा कार्यालय देखि भिमेश्वरी विद्यालय सम्म, फलैंचादेखि चपरीचौक हुँदै सिंधुवा सम्म, जोरपाटी देखि देउराली सम्म, चुलाचुली देखि (मुडेआहाल) मुकुम्फुङ वाल्लक सम्म, लामिछाने देखि ४ नं. वडा कार्यालय सम्म ठूलो आहाल देखि खान्टोक सम्म, मादिवुङ कागुने पिङडाडा देखि बेते सम्म, धुलपुजे वुढासुव्वा देखि पञ्चमी सम्म, फलैचा देखि तल्लो सल्ले, गुराँसे देखि ठुलो घर सम्म, पिपलडाँडा हुँदै सिमल चोक सम्म, ताम्लिङ हुँदै माथिल्लो खोप्लाक बाझबिसौना सम्म, सिंधुवा बजार हुँदै सगरमाथा मा. वि जाने बाटो हुँदै नयाँ बस्ती सम्मको क्षेत्रलाई एकिकृत बस्ती विकासको पुर्वाधार निर्माण गर्ने कार्य शुरु भएकोले सो आयोजना सम्पन्न गर्न प्रदेश तथा नेपाल सरकारसँग आवश्यक पहल गरिनेछ।

१७. यस गाउँपालिका अन्तर्गत सुरक्षित नागरिक आवासबाट क्षति भएका पुनर्निर्माण निजी निवास कार्यक्रम अन्तर्गत लाभग्राही घरधुरी संख्या १६३ मध्ये पहिलो किस्ता लिई घर निर्माण कार्य गर्न लागि यसै आ.व. भित्र सबै निजी निवास घरहरु सम्पन्न गरी सक्ने गरी कार्यक्रम अगाडि बढाइनेछ।

- संघीय सरकारबाट सञ्चालित फुसको छानो हटाउने सुरक्षित नागरिक आवास कार्यक्रम र जनता आवास कार्यक्रमलाई थप सशक्त र प्रभावकारी बनाइनेछ।

१८. **"हाम्रो घर गाउँ–सर्वत्र उज्यालो ठाउँ"** भन्ने नारालाई आत्मा साथ गर्दै छथर जोरपाटी गाउँपालिकाको दलित र विपन्नलाई निशुल्क विद्युत सेवा प्रदान गरिने नीति अवलम्वन गरिनेछ साथै कुनै पनि घर-परिवार विद्युत सेवाबाट वञ्चित नहोउन् भन्ने उद्देश्यका साथ विद्युतीकरणको नीति अघि सार्दै सबै घर-घरमा विद्युत पुऱ्याउने लक्ष्य रहेको छ । यसका लागि नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दै जाने र आवश्यक विद्युत पोलहरु व्यवस्थापनका लागि पहल गर्दै जाने नीति लिइनेछ ।

- घर-परिवारमा दाउराको प्रयोग गरी खाना पकाउने प्रचलन अधिक रहेका कारण वन जङ्गल विनाश भइरहेको र घर भित्रको धुवाँका कारण धुवाँजन्य रोगबाट विशेषगरी महिलाहरुले वर्षेनी अकाल मृत्यु व्यहोर्नुपर्ने वाध्यतालाई समयमै निरुत्साहित गर्न सुधारिएको चुलो र विभिन्न संघसंस्थाहरूको अनुदान तथा साझेदारीमा विद्युतीय चुलो जडान गर्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई स्वच्छ नवीकरणीय उर्जामा लगानीका लागि वातावरण सिर्जना गरिनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्र रहेका ऐलानी पर्ती जग्गा, सार्वजनिक वन, खोला नाला, गुठि जमिनको विवरण अध्यावधिक गरिने, सम्पत्ती तथा दायित्वको अभिलेखलाई दुरुस्त बनाइनुको साथै आय-व्यय प्रणालीलाई समेत व्यवसायिक लेखा प्रणालीमा आवद्ध गरिनेछ ।

२०. गाउँपालिकाबासीलाई करका बारेमा नागरिकको दायित्व र कर्तव्यको बोध हुने गरी सबै वडामा तथा घर-घरमा चेतनामूलक कर शिक्षा प्रदान गरी चेतना अभिवृद्धि गरिनेछ । लेखा शाखाबाट गरिनुपर्ने भुक्तानीलाई EFT माध्ययमबाट भुक्तानी गर्न कार्य सम्पन्न प्रतिवेदनका साथ भुक्तानीका लागि प्राप्त हुन आएका योजना तथा कार्यक्रमसँग सम्बन्धित फायलहरूलाई टोकन प्रणालीमा आवद्ध गरी भुक्तानी हुने दिन र समयको सुनिश्चितता गरिनेछ ।

- सरोकारवाला कुनै पनि व्यक्ति तथा संघ संस्थाले गाउँपालिकालाई तिर्न बाँकी कर तथा राजश्व सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२१. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका भौतिक पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि कार्यविधि समेत निर्माण गरी एक मर्मत सम्भार कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ साथै यसका लागि सम्पूर्ण भौतिक पूर्वाधारसँग सम्बन्धित योजना, आयोजना तथा कार्यक्रमको कुल लागतको दुई प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गर्न अनिवार्य गरी मर्मत सम्भारका लागि दिगो आर्थिक स्रोतको व्यवस्था गरिनेछ ।

२२. आन्तरिक लेखा प्रणालीलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याईनेछ साथै बाह्य लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाबाट हुने सबै खाले खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन पालिकाको आन्तरिक नियन्त्रण प्रणाली, खरिद नियमावली तयार गरी कार्यन्वयनमा ल्याइनुका साथै जिन्सी व्यवस्थापनका लागि खरिद गुरुयोजना तयार गर्ने र वार्षिक रुपमा खरिद योजना तयार गरी

सोही आधारमा खरिद इकाई मार्फत खरिद कार्य अगाडि बढाइनेछ र कार्य सम्पादनको कामलाई कम्प्यूटर प्रणालीमा आधारित बनाई सुव्यवस्थित गरिनेछ ।

- वित्तीय व्यवस्थापनका लागि दक्ष जनशक्तिको व्यवस्था गरिनेछ । लेखा परीक्षणको कार्यलाई समयमा नै सम्पन्न गर्ने साथै बेरुजुको अवस्था सिर्जना हुन नदिने अवस्था सिर्जना गरिनेछ ।

२३. गाउँकार्यपालिका हाता भित्र सवारीका साधनको सुरक्षा व्यवस्थाका लागि व्यवस्थित पार्किङ स्थलको निर्माण गरिनेछ ।

- कार्यपालिका भवन तथा वडा कार्यालयको भवनमा समेत आवश्यक फर्निचर तथा यन्त्र उपकरणको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाका लागि अति आवश्यक स्थानीय कानूनको निर्माण गरी तत्काल कार्यान्वयनमा ल्याइनेछ ।
- सांगठनिक संरचनालाई सेवा प्रवाहको प्रभावकारितामा आधारित हुने गरी निर्माण गरिनेछ । सबै वडा समितिको कार्यालय तथा कार्यपालिका हाताभित्र डिजिटल नागरिक–वडापत्र मार्फत गाउँपालिकाबासीलाई आधारभूत र अनिवार्य जानकारीका विषय वस्तुको बारेमा जानकारी गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२४. गाउँपालिकाबासी लगायतका सबै सरोकारवाला व्यक्ति तथा संघ-संस्थालाई सुशासनको प्रत्याभुति हुनेगरी संस्थागत सुशासनको दिगो व्यवस्थापन संयन्त्र निर्माण गरिनेछ ।

- यसै आर्थिक वर्ष भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको संगठन सर्भेक्षण र संगठन संरचना समेत विकास गरी आवश्यक कर्मचारीहरुको सबै दरबन्दीहरु निर्धारण गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सबै खाले सेवालाई थप प्रभावकारी बनाउन कार्य प्रवाह तालिका निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सबै खाले भ्रष्टाचार प्रति शून्य सहनसिलता अपनाइनेछ । ऐन कानूनको परिधि भित्र रहेर आवश्यक जनशक्तिको व्यवस्थापन तथा उपलब्ध जनशक्तिको क्षमता विकासका लागि तालिम तथा अध्ययन भ्रमण समेतको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी र जनमुखी बनाइनेछ ।
- नागरिक वडापत्रको अवधारणा वमोजिम सार्वजनिक गरिएका सेवाहरु पालना गर्न गराउन नागरिक वडापत्र कार्यान्वयन समिति गठन गरिनेछ ।

२५. प्रत्येक महिनाको सात दिन भित्र अघिल्लो महिनाको आय-व्यय तथा कार्य प्रगती सूचना पाटी तथा वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।

- यस गाउँपालिका अन्तर्गत कार्यरत निजामती सेवा, शिक्षा सेवा, स्थानीय सेवा, स्वास्थ्य सेवा अन्तर्गतका राष्ट्र सेवक कर्मचारीहरुको तलब सुविधा बढोत्तरी र न्युन्तम पारिश्रमिक उपलब्ध गराइनेछ ।

- आफ्नो काम कर्तव्य प्रति सदा उत्प्रेरित राख्न सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा दुई जना कर्मचारीहरुलाई तोकिएको नगद सहित " **छथर जोरपाटी राष्ट्र सेवा सम्मान**" तथा प्रमाण पत्रबाट विशेष समारोहका बीच पुरस्कृत गरिनेछ । यसै गरी उत्कृष्ट करदाता, उत्कृष्ट कृषक र उत्कृष्ट व्यवसायीलाई पुरस्कृत गर्ने नीतिलाई कार्वान्वयन गराइनेछ ।

२६. नेपालको संविधानको धारा २१७ वमोजिम न्यायिक समिति गठन गरी सो समितिले आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गर्दै आइरहेको छ । यस समितिको काममा सहजता ल्याउन थप व्यवस्थापन गरिनेछ ।

- गाउँ टोल बस्तीस्तरका न्यायमा पहुँच राख्न नसक्ने विपन्न वर्ग समेतको न्यायिक पहुँचका लागि सबै वडाहरुमा समेत लिखित उजूरी लिने व्यवस्था लाई निरन्तरता दिइनेछ । आपसी झै-झगडालाई न्यूनीकरण गरी सद्भावयुक्त समाज निर्माण गर्न पालिकास्तरीय र वडास्तरमा रहेको मेलमिलाप तथा मध्यस्थता सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- लैङ्गिक हिंसा तथा सबै किसिमको भेदभावजन्य कार्यलाई समाजमा नै दबाव पूर्वक देखावटी रुपमा मेलमिलाप गराउने कार्यलाई निरुत्साहित गरिनेछ भने न्यायिक प्रकृयालाई संक्षिप्त कार्यविधि अपनाई सकेसम्म सरल र सहज ढंगले निरुपण गरी न्याय दिलाउने व्यवस्था मिलाइनेछ ।

२७. आफ्नो आम नागरिकले आफ्नो पहिचान एवं आत्मसम्मानयुक्त वातावरणमा निर्धक्क बाँच्न पाउनु, पेशा तथा व्यवसाय भयरहीत वातावरणमा सञ्चालन गर्न पाउनु, सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी, मर्यादित र समतामूलक समाजको विकास गर्न पाउनु मानव मात्रको नैसर्गिक अधिकारहरु हुन् । यसैगरी शान्ति सुरक्षा तथा अमन चयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक वाँच्न पाउने अधिकार सुनिश्चित गर्दै प्रभावकारी सुरक्षा प्रवन्ध गर्नु सुशासन तथा विकासको पूर्वशर्त नै हुन् । गाउँपालिका भित्रका यी अवस्था तथा व्यवस्थालाई सुव्यवस्थित गर्दै आम नागरिकको मानव अधिकार तथा शान्ति सुरक्षा प्रत्याभूत गर्ने कार्यमा सहयोग पुऱ्याउन जोरपाटी बजारमा स्थापित प्रहरी चौकीको भवन निर्माणको पहल गरिनेछ । काजीमान र पञ्चमी बजारमा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ । यस क्षेत्रमा सशस्त्र प्रहरी बल स्थापनाका लागि सम्बन्धित निकाय मार्फत पहल गरिनेछ । नेपाल प्रहरीलाई जनमैत्री बनाउने प्रयास गरिनेछ । सिंधुवामा निर्माणाधिन प्रहरी चौकीलाई इलाका प्रहरी चौकीमा स्तरोन्नती गर्न प्रयत्न गरिनेछ ।

२८. अनुगमन, निरीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित र थप व्यवस्थित बनाइनेछ । सूचना व्यवस्थापन, भौगोलिक तथा बसोबास सूचीकरण, सूचना प्रवाह सञ्चालन व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ । छिमेकी गाउँ तथा नगरपालिका, सरोकारवाला संघ-संस्था तथा कार्यालयसँग समन्वय र साझेदारीका लागि गाउँपालिकास्तरीय एक **"संस्थागत सञ्जाल समन्वय संयन्त्र"** को गठन गरी कार्यान्वयनमा ल्याइनेछ । यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने भवन,

जग्गा जमिन, पार्क तथा पोखरी समेतका सार्वजनिक तथा यस गाउँपालिका तथा विद्यालयका सम्पत्तीहरूको संरक्षणका लागि विशेष कार्यक्रम तय गरिनेछ।

२९. गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, नागरिक समाजका अगुवा, सामाजिक संघ संस्था र सेवाग्राही सर्वसाधारण नागरिकका लागि छुट्टाछुट्टै आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठि, अध्ययन अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदान-प्रदान समेत गरी गाउँपालिकाको समग्र विकास अभियानमा गुणस्तरीयता प्रदान गरिनेछ।

३०. गाउँपालिकाले आफ्ना नागरिकहरुलाई प्रदान गर्दै आएको सेवा प्रवाह, भौतिक तथा सामाजिक प्रगतिलाई जनतासम्म सञ्चार गराउन गाउँपालिकाको वेभसाइट, सामाजिक सञ्चाल, विभिन्न बुलेटिन, पुस्तक, वृत चित्र, अडियो-भिडियो, सञ्चार गृह, अनलाइन मिडिया र पत्र-पत्रिका मार्फत सु-सुचित गराउने नीतिलाई प्रभावकारी र व्यवस्थित बनाइनेछ।

३१. नेपालको संविधान २०७२, अनुसार हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सहकारीतामुलक संघियता अनुरूप मुलुकभर ७५३ स्थानीय तह रहेको सर्वविदितै छ। संघ, प्रदेश र सरकारी तथा गैरसरकारी संघ संस्थासँगको स्रोत र साधन परिचाल तथा उपभोगमा साझेदारी गरी धनकुटा जिल्ला भित्रका ७ स्थानीय तह मध्ये यस पालिकालाई अब्बल बनाउने नीति, रणनीति, कार्यनीति र कार्यक्रम ल्याउने नीति अबलम्बन गरिनेछ।

आदरणीय गाउँ सभाका सदस्यज्यूहरू,

आ.व. २०८०।०८१ का लागि विषयगत तथा क्षेत्रगत रुपमा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरूले यस गाउँपालिकाको दिगो विकासमा यथेष्ठ मार्गदर्शन दिने र सोही मार्गदर्शन वमोजिम आगामी आर्थिक वर्षको योजना तथा योजनामा आधारित कार्यक्रम र वजेट प्रस्तुत हुने विश्वासका साथ यस नीति कार्यक्रममा पर्याप्त छलफल गरी पारित गरी दिनुहुन हार्दिक अनुरोध गर्दै विदा लिन चाहन्छु।

धन्यवाद्।

मितिः २०८०।०३।०५